# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७६/०५/१२

पत्र संख्याः २०७६/०७७
चलानी नम्बर ..................

## DPR सम्बन्धी परामर्शदाता छनौट गरिएको सूचना

(प्रकाशित मितिः २०७६/०५/१२ गते)

यस कार्यालयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार नगरपालिका क्षेत्रभित्रका विभिन्न परियोजनाहरुको सर्वे, डिजाईन, ईष्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा मिति २०७६/०४/०५ र ०६ गते प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका प्रस्तावहरु प्रस्ताव खोल्न गठित समितिद्वारा खोली मूल्याङ्कन समितिमा पेश भई मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको प्राविधिक पक्षको मूल्याङ्कन गरी मिति २०७६/०५/०८ गते पेश गरेको प्राविधिक प्रतिवेदन अनुसार तपसिलका परामर्शदाताहरुको प्राविधिक प्रस्ताव मिति २०७६/०५/१० गते खोलि मिति २०७६/०५/१२ गते पेश भएको मूल्यांकन प्रतिवेदन अनुसार तपसिल बमोजिमका परामर्शदाताहरुको प्रस्ताव छनौट भई स्वीकृत गर्ने निर्णय भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भए अनुसार छनौट भएका परामर्शदाताले छनौट भएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्न आउनुहुन अनुरोध छ । तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा निज परामर्शदाताको प्रस्ताव रद्द गरी प्रचलित कानुन बमोजिम अर्को परामर्शदातालाई सम्झौताको लागि पत्राचार गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

| क.स. | परामर्शदाताको नाम/ठेगाना | छनौट गरिएको परामर्श सेवाको विवरण | कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | Canvas Engineering Consultancy, Lalitpur | नगरपालिका क्षेत्रभित्रका विभिन्न नगर सडकहरुको सर्वे र डिजाईन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | रु.३०,०००।— (तीस हजार मात्र) प्रति कि.मी. | |
| २ | Engineerko Ghar & Sitara JV, Kathmandu | राडीबजार-जाजरकोट जोड्ने सड्क पुलको स्वाईल टेष्ट, सर्वे, डिजाईन, ईष्टिमेट सहित विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | रु.७,५०,०००।— (सात लाख पचास हजार मात्र) | |
| ३ | Engineerko Ghar & Sitara JV, Kathmandu | नगरपालिका तथा वडा कार्यालयहरुको प्रशासनिक भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | रु.११,००,०००।— (एघार लाख मात्र) | |

तपबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०५/१२

पत्र संख्याः २०७६/०७७

चलानी नम्बर ..............

| | | | | |
|---|---|---|---|---|
| ५ | Monlight /Dip Engineering/Eversafe Engineering J/V, Kathmandu | नमुना विद्यालय तथा प्राविधिक शिक्षालयको भौतिक संरचना नमुना विद्यालय सम्बन्धी मापदण्ड बमोजिम विकास गर्न सर्वे, डिजाईन, ईष्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | रु.१२,००,०००।— (बाह्र लाख मात्र) | |

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत